# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५२) काठमाडौं, असोज २५ गते २०५६ साल (अतिरिक्ताङ्क ५०

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबारको विज्ञप्ति

श्री ५ महाराजाधिराजबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२७ बमोजिम प्रधानमन्त्री पदमा श्री लोकेन्द्रबहादुर चन्दलाई नियुक्त गरिबक्सी निजको अध्यक्षतामा देहायबमोजिमको मन्त्रिपरिषद् गठन गरी कार्य विभाजनको आदेश जारी गरिबक्सेको छ ।

| मन्त्रिपरिषद् गठन विधि | | कार्य विभाजन |
|---|---|---|
| १. श्री लोकेन्द्रबहादुर चन्द | प्रधानमन्त्री | राजदरबार सम्बन्धी, रक्षा, वन तथा भू-संरक्षण, सामान्य प्रशासन, भूमिसुधार तथा व्यवस्था, भौतिक योजना तथा निर्माण, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन, जलस्रोत, सूचना तथा संचार, जनसंख्या तथा वातावरण, उद्योग वाणिज्य तथा आपूर्ति र श्रम तथा यातायात व्यवस्था । |
| २. श्री बद्रीप्रसाद मण्डल | उप-प्रधानमन्त्री | कृषि तथा सहकारी र स्थानीय विकास । |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

३. डा. बद्रीप्रसाद श्रेष्ठ मन्त्री — अर्थ र शिक्षा तथा खेलकूद ।
४. श्री नरेन्द्र विक्रम शाह मन्त्री — परराष्ट्र ।
५. श्री धर्मबहादुर थापा मन्त्री — गृह र कानून, न्याय तथा संसदीय व्यवस्था।
६. श्री गोरेबहादुर खपाङ्गी मन्त्री — महिला, बालबालिका तथा समाज कल्याण ।
७. डा. उपेन्द्र देवकोटा मन्त्री — स्वास्थ्य र विज्ञान तथा प्रविधि ।

सहायक मन्त्री

८. श्रीमती अनुराधा कोइराला सहायकमन्त्री — महिला, बालबालिका तथा समाज कल्याण ।
९. श्री गोपाल दहित सहायकमन्त्री — जनसंख्या तथा वातावरण ।

मौसूफबाट यस मन्त्रिपरिषद्लाई देशको दैनिक प्रशासन सञ्चालनका अतिरिक्त देहायबमोजिमको जिम्मेवारी पनि तोकिबक्सेको छ ।

१. राष्ट्रिय सहमति सहितको अनुकूल परिस्थितिको सिर्जना गरी देशमा विद्यमान अशान्तिको वातावरण हटाउने ।
२. स्वतन्त्र र निष्पक्ष ढङ्गमा स्थानीय निकाय तथा प्रतिनिधि सभाको निर्वाचन यथाशीघ्र सम्पन्न गरी बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको संस्थागत सुदृढिकरण गर्ने ।
३. सबै तहका भ्रष्टाचार नियन्त्रणको कार्यक्रमलाई प्रभावकारीरूपमा सञ्चालन गर्ने।
४. आर्थिक अनुशासन एवं पारदर्शिता अवलम्बन गर्नुका साथै सर्वसाधारण जनताको लागि सेवामूलक कार्यक्रम सञ्चालन गरी सुशासनको प्रत्याभूति दिने ।
५. परिलक्षित परराष्ट्र नीति अनुसार छिमेकी राष्ट्रहरूसंग रहेको सुमधुर सम्बन्ध एवं समझदारी तथा मैत्र्य सम्बन्ध कायम भएका सबै मुलुकहरू-संगको मित्रताको सम्बन्धलाई अझ सुदृढ र घनिष्ठ तुल्याउदै लैजाने ।

मौसूफबाट नेपाल र नेपालीको हित तथा उन्नति हुने कार्यमा यो मन्त्रि-परिषद्लाई सबैबाट आवश्यक सहयोग प्राप्त हुने नै छ भन्ने आशा व्यक्त गरिबक्सेको छ।

हुकुम बक्से बमोजिम,
पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका प्रमुख सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

864

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।